प्रदेश सरकार

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**कृषि विकास निर्देशनालय**

गण्डकी प्रदेश

मालेपाटन, पोखरा

# कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०८/२३**

यस निर्देशनालयको आ.व २०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रम संचालनका लागि गण्डकी प्रदेश अन्तर्गत रहेका कृषि फर्म, कृषक समुह, कृषि सहकारी तथा कृषि कम्पनीबाट यो सुचना प्रकाशित भएको मितिले १६ दिनभित्र ( मिति २०७८/०९/०९) तोकिएको ढाँचामा परियोजना प्रस्ताव तथा देहायका उल्लेखित कागजातहरु सहितको निवेदन यस कार्यालयमा पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ।

कार्यक्रमहरुको विवरण :

| क.स | कार्यक्रमको नाम | स्वीकृत लक्ष | प्रति आयोजना अधिकतम अनुदान रकम | अनुदानग्राहिले व्यहोर्नुपर्ने न्युनतम लागत साझेदारी प्रतिशत | क्रियाकलापहरु |
|---|---|---|---|---|---|
| १ | कृषि उपजको प्रशोधन एबम उद्योग स्थापना कार्यक्रम | ५ | १० लाख | ५० | कृषि उपजको प्रशोधन उद्योगको लागि आवश्यक मेसिनरी औजार खरिद तथा संरचना निर्माणमा सहयोग |
| २ | समुदायस्तरमा कृषि उपज उत्पादन कार्यक्रम | ३६ | ४ लाख | १० | कम्तिमा २० घरधुरी संलग्न कृषक समुह वा सहकारीलाई खुला तथा संरक्षित संरचनामा फलफुल/तरकारी/नगदेबाली उत्पादन गर्न उत्पादन सामाग्री, मेसिन/औजार खरिद तथा क्षमता अभिवृद्धिमा सहयोग |

**आवश्यक कागजातहरुः**

- ✓ नविकरण सहितको संस्था दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र, आ.ब २०७७/७८ को कर चुक्ता प्रमाणपत्र, आ.ब २०७७/७८ को वार्षिक लेखा परीक्षण प्रतिवेदन, प्रस्ताव पेश गर्ने सम्बन्धी संचालक समितिको बैठकको निर्णय, नागरिकता प्रमाण पत्रको प्रतिलिपी।
- ✓ संरचना निर्माण गरिने जग्गाको स्पष्ट कित्ता खुल्ने नापी नक्सा र लालपुर्जाको प्रतिलिपी।
- ✓ जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्ने भएमा समुदायस्तरमा कृषि उपज उत्पादन कार्यक्रमको लागी न्युनतम १० बर्ष र कृषि उपजको प्रशोधन एबम उद्योग स्थापना कार्यक्रमको लागि न्युनतम १५ बर्षको जग्गा करार सम्झौताको प्रमाणित प्रतिलिपी।
- ✓ कृषि ज्ञान केन्द्र, सम्बन्धित पालिका/वडाको सिफारिस पत्र।
- ✓ विगतका आ.ब. मा सरकारी निकायबाट अनुदान लिए/नलिएको स्वघोषणा पत्र।
- आवेदकले हाल संचालन गरिरहेका कृषि गतिविधि झल्किने फोटोहरु।

**अन्य व्यवस्थाः**

- ✓ कार्यक्रमसंग सम्बन्धित आर्थिक, प्राविधिक पक्ष र अन्य व्यबस्था सम्बन्धित कार्यक्रमका मापदण्डले तोके बमोजिम हुनेछ।
- ✓ संरचना निर्माण हुने जग्गा सडक मापदण्ड भित्र नपरेको र विवादरहित हुनु पर्नेछ।
- ✓ कार्यक्रम संचालन कार्यविधि, मापदण्ड तथा प्रस्ताव फारम यस निर्देशनालयको वेबसाइट add.gandaki.gov.np तथा जिल्लास्थित कृषि ज्ञान केन्द्रको कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ।

**थप जानकारीको लागि सम्पर्कः**

कृषि विकास निर्देशनालय, मालेपाटन, पोखरा

फोन नं. ०६१-५२०२७३/०६१-५२०२६३/०६१-५४०८९५

ईमेलः addgandakipradesh@gmail.com

बासुदेव रेग्मी

निमित्त प्रमुख